THIRD COHORT


# CLIMATE FELLOWSHIP
# अनुदान निर्देशिका

## सुदुरपस्चिम प्रदेशका लागि

QR Scan गर्नुहोला

**आवेदन दिने अन्तिम मिति**
**१० मार्च २०२४ (२७ फाल्गुन २०८०)**

आवेदन दिन कृपया फारम भर्नुहोस्
*https://bit.ly/climate_fellowship_2024*




DISCLAIMER: This call for application is made possible by the support of the European Union. The contents of this call for application are the sole responsibility of YI-Lab and consortium partners and do not necessarily reflect the views of the European Union.


Funded by the European Union

YOUTH INNOVATION LAB

RESTLESS DEVELOPMENT POWERED BY YOUNG PEOPLE

creasion Envisioning the Change

Centre for Disaster Management Studies

# परियोजना
## सारांश

वातावरण तथा जलवायु अनुकूल विकासमा नेपाली युवा परियोजना (NYCAGG), जततउकस्ररतजभथयगतजअबलायचनर युथ इनोभेसन ल्यावको नेतृत्वमा रेस्ट्लेस डेभलपमेंट, अनुसन्धान तथा दिगो विकास केन्द्र नेपाल, र प्रकोप व्यवस्थापन अध्ययनको साझेदारीमा मधेश प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेशमा सञ्चालन हुन गइरहेको छ । युरोपेली संघको आर्थिक सहयोगमा सञ्चालीत यस परियोजना जनावरी २०२२ देखि डिसेम्बर २०२५ सम्म वातावरण संरक्षण र जलवायु परिवर्तनका क्षेत्रमा तीनै प्रदेशमा युवाहरू परिचालन गरिनेछ । यस परियोजनाको मुख्य उद्देश्य जलवायु-मैत्री उद्यमशीलता, जलवायु परिवर्तन र सुशासन, जलवायु परिवर्तन सम्बन्धी विषयहरू उठान गर्ने, कम लागत प्रविधिको प्रयोग गर्न प्रोत्साहित गर्ने, तथ्याङ्कमा आधारित अभियन्ताहरूको समूह विकास गर्ने, स्थानीय तहका नीति, योजना निर्माण र यी क्षेत्रमा युवाहरूको संलग्नता प्रवर्द्धन गर्ने रहेको छ। युवासँग काम गर्ने NYCAGG परियोजना युवाहरुलाई वातावरण संरक्षण प्रवर्द्धनमा सशक्तीकरण गर्न र उनीहरूलाई COVID पछिको पुर्नस्थापना र विकास प्रकृया मद्दत गर्न अवसर उपलब्ध गराउनमा केन्द्रित छ । यसबाहेक, Climate Fellowship, Climate Smart Entrepreneurship, Digital Advocacy & Youth Sounding Board अन्तर्गतका गतिविधिहरूले युवा सशक्तीकरणका साथै उनीहरुलाई रोजगारीका अवसरहरू प्रदान गर्ने, जलवायु र वातावरणीय समस्याहरूलाई सम्बोधन गर्न नवीन विचारहरू सृजना गर्ने र नीति परिमार्जनका लागि पैरवी गर्ने दिशामा यस परियोजनाले कार्य गर्दछ ।

“

**आवेदनको लागि :**
**theyouthcan.org/climate-fellowship**

**आवेदनको अन्तिम मिति:**
१० मार्च २०२४ (२७ फाल्गुन २०८०)
बेलुका १२ बजे

हामी सबै इच्छुक आवेदकहरू, विशेष गरी परियोजना नगरपालिकाका युवा, महिला आदिवासी समुदाय, र अल्पसंख्यक जातिका सदस्य लाई Climate Fellowship Grant कार्यक्रममा सामेल हुन प्रोत्साहित गर्दछौं।

सबै आवेदनहरू राम्ररी समीक्षा गरिनेछ । कृपया यहाँ दिइएको निर्देशनहरूलाई ध्यानपूर्वक पालना गर्नुहोला।

## Climate Fellowship अनुदान २०२४

यस परियोजनाको Climate Fellowship कार्यक्रम मार्फत युवाहरु मार्फत स्थानीय तहको जलवायू परिवर्तन, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी तथ्यमा आधारित नीति, योजना तथा कार्यक्रम निर्माण गर्न क्षमता विकास गरिनेछ। दोश्रो वर्ष अर्थात सन् २०२३ मा यो कार्यक्रम कर्णाली प्रदेशमा संचालन भएको थियो । यूथ इनोभेसन ल्यावले यस परियोजनाको समग्र नेतृत्व गर्नुका साथै Climate Fellowship कार्यक्रमको नेतृत्व रेस्ट्लेस डेभलपमेंटसँगको सहकार्यमा भैरहेको छ।

Climate Fellowship कार्यक्रम अन्तर्गत सुदुरपस्चिम प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय र ९ वटा पालिकाहरूमा प्राविधिक ज्ञान प्राप्त युवाहरूलाई परिचालन गरिने छ । प्रदेश र पालिकामा खटिने प्राविधिक ज्ञान प्राप्त युवाहरुले विपद तथा जलवायू परिवर्तन सम्बन्धी नीति तथा योजनालाई स्थानीयकरण गर्न सहयोग गर्नेछन् । प्रदेश र पालिकाहरुमा प्राविधिक ज्ञान प्राप्त युवाहरुलाई ५ महिनासम्म परिचालन गरिनेछ। ती युवाहरुले विपद तथा जलवायू परिवर्तन सम्बन्धी नीति तथा योजनालाई स्थानीयकरण गर्न सहयोग गर्नेछन् । पालिकामा खाटिएका प्राविधिक ज्ञान प्राप्त युवाहरुले विपद व्यवस्थापनका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्वारा निर्मित “स्थानीय विपद तथा जलवायू उत्थानशील योजना तर्जुमा निर्देशिका, २०७४ अन्तर्गत रही पालिका र सो विषयको विज्ञको रहोवरमा पालिकामा “विपद तथा जलवायू उत्थानाशील योजना  निर्माण गर्न सहयोग गर्नेछन् ।

यी युवाहरुले पालिका तथा प्रदेश सरकारलाई नेपाल सरकारले गृह मन्त्रालयको संयोजनमा विभिन्न ११ वटा मन्त्रालय र विभागहरुको सहकार्यमा राष्ट्रिय एकीकृत विपद सूचना व्यवस्थापन प्रणाली अन्तर्गत विपद् पोर्टल (Bipad Portal) https:bipadportal.gov.np को प्राबिधिक क्षमता हस्तान्तरण समेत गर्नेछन् । प्राविधिक ज्ञान प्राप्त युवाहरुले प्रदेश तथा पालिकाको महत्वपूर्ण पूर्वाधारहरुको तथ्यांक संकलन गरी विपद पोर्टलमा एकीकृत गर्नेछन् । साथै पालिका तथा प्रदेशको क्षमता विकास गर्नेछन् ।

“

**छनौट गर्ने समय**

**आवेदन खुल्ने :**
१० फेब्रुअरी २०२४  (२७ माघ २०८०)

**आवेदन दिने अन्तिम मिति :**
१० मार्च २०२४ (२७ फाल्गुन २०८०)
बेलुका १२ बजे

## आवेदनको
## सारांश

आवेदन दिनको लागि अनलाइन फारम भर्नुपर्नेछ जसमा निम्न विषयहरु समावेश छन्:

- व्यक्तिगत जानकारीहरु
- उत्प्रेरणा पत्र (अधिकतम ३०० शब्दमा)
- CV/Resume (२ पेजसम्म)
- सिफारिस पत्र (शैक्षिक संस्थाको पत्र वा अन्य)

आवेदन प्रक्रियाको लागि तयारी गर्दा, कृपया निम्न कुरा सुनिश्चित गर्नुहोस्:

- अनुदानको लागि तपाइँको रुचि र योग्यता खुलाई लेखिएको उत्प्रेरणा पत्र
- तपाईको CV/Resume PDF मा
- शैक्षिक संस्था वा कार्यक्षेत्रबाट सिफारिस पत्र PDF मा

## कार्यक्रम
## स्थान

| जिल्ला | पालिकाहरु |
|---|---|
| कैलाली | भजनी नगरपालिका |
| कैलाली | जोशीपुर गाउँपालिका |
| कैलाली | चुरे गाउँपालिका |
| कैलाली | जानकी गाउँपालिका |
| कन्चनपुर | शुक्लाफाँटा नगरपालिका |
| कन्चनपुर | दोधारा चाँदनी नगरपालिका |
| कन्चनपुर | बेलडाँडी गाउँपालिका |
| डडेलधुरा | आलिताल गाउँपालिका |
| डडेलधुरा | अजयमेरु गाउँपालिका |

*नोट: एक जना Climate Fellow प्रदेश मन्त्रालयमा तैनाथ गरिनेछ।*

# Climate Fellowship को
# अवधी

५ महिना

# योग्यता र चयन
# मापदण्ड

> योग्यता बारे थप जानकारीको लागि,
> बारम्बार सोधिने प्रश्नहरु मा हेर्नुहोस (पृष्ठ ५) ।
>
> फेलोशिपको बारेमा थप सोधपुछ गर्नकोलागी fellowship@youthinnovationlab.org मा ई-मेल गर्नुहोला ।

**Climate Fellows रूपमा योग्य हुन निम्न आवश्यकता पूरा गरेको हुनु पर्नेछ :**

- मनोनयन गर्दा २९ वर्ष वा सोभन्दा कम उमेरको नेपाली नागरिक हुनुपर्ने,
- प्रकोप जोखिम न्यूनीकरण, जलवायु परिवर्तन, पर्यावरण विज्ञान, पर्यावरण इन्जिनियरिङ, जियोमेटिक्स इन्जिनियरिङ, विकास अध्ययन, प्राकृतिक संसाधन, संकट व्यवस्थापन, वा सम्बन्धित क्षेत्रमा स्नातक डिग्री भएको,
- परियोजना नगरपालिकाबाट स्थानीय वा परियोजना नगरपालिकामा स्थानान्तरण गर्न इच्छुक जो कोहीलाई प्राथमिकता दिईने,
- प्रकोप/जलवायु/DRRM-CCA र सम्बन्धित बिषयको पूर्व ज्ञान,
- सरकारी अधिकारीहरूसँग काम गर्न इच्छुक (प्रदेश वा नगरपालिका),
- मोबाइल एप्स, वेब एप, एमएस अफिस प्याकेजहरू समावेश गर्ने प्रविधिको बलियो ज्ञान भएको,
- नेपाली र अङ्ग्रेजी भाषामा दक्षताका साथ उत्कृष्ट सञ्चार सीप भएको साथै स्थानीय भाषाको ज्ञान थप लाभदायी हुनेछ। प्राथमिकताका साथ चयन गरिएका नगरपालिकाहरूको स्थानीय भाषामा पनि दख्खलता भएको थप प्राथमिकता दिइनेछ,
- DRRM-CCA मार्फत लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI) सिक्नको लागि प्रेरित,
- उत्कृष्ट व्यक्तिगत चरित्र भएको,
- समूहमा काम गर्न र सहकार्य गर्न सक्ने,
- अल्पसंख्यक समुदायहरू बीच चेतना जगाउने क्षमता र इच्छा भएको,
- स्थानीय समुदाय र अल्पसंख्यकहरूसँग सम्बन्धित व्यक्तिहरूसँग काम गर्न इच्छा भएको र
- चुनौतीपूर्ण बाताबरणमा काम गर्न सक्ने ।

# Climate Fellows को
# प्रमुख जिम्मेवारीहरू

**Climate Fellows निम्न कार्यका लागि जिम्मेवार हुनेछन् :**

- जलवायु उत्थानशील र विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन योजनालाई सुदृढ गर्न तोकिएको पालिकालाई सहयोग गर्ने ।
- पालिकालाई संकटासन्नता क्षमता विश्लेषण (VCA) गर्न सहयोग गर्ने ।
- पालिकालाई "स्थानीय प्रकोप तथा जलवायु उत्थानशील योजना (LDCRP)) को विकासमा सहयोग गर्ने ।
- विपद् पोर्टलको व्यवस्थापन र सञ्चालन गर्न तोकिएको प्रदेश र पालिकालाई सहयोग गर्ने ।
- दिन-प्रतिदिन क्षमता स्थानान्तरणको लागि IT Officer / DRR Focal Person संग सहकार्य गर्ने ।
- विपद् सम्बन्धी तथ्यांकहरु सङ्कलन गर्न र विपद पोर्टलमा समावेश गर्न प्रदेश र पालिकाका कर्मचारीहरुसँग काम गर्ने ।
- शिक्षा, स्वास्थ्य, वित्तीय संस्था, सुशासन, पर्यटन, उद्योग, सञ्चार जस्ता महत्वपूर्ण पूर्वाधारका तथ्यांकहरु नक्सांकन गर्ने र प्रमाणीकरण गर्न प्रादेशिक र पालिकाका कर्मचारीहरूसँग काम गर्ने ।
- प्रगति, चुनौती तथा कार्य गर्दा सिकिएका पाठहरुको प्रतिवेदन तयार पार्ने ।

# Climate Fellows को
## लागि हुने लाभ

- Climate Fellowship अन्तर्गत कार्यको लागि ३ लाखसम्म अनुदान
(नोटः मासिक भत्ता, पाहा भत्ता, बैठक सुविधा, प्रशिक्षण लागत आदि सहित)
- क्षमता विकास तालिम र अभिमुखीकरण अन्तर्गत विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन (DRRM), जलवायु परिवर्तन अनुकूलन (CCA), जोखिम क्षमता मूल्याङ्कन (VCA), स्थानीय तथा जलवायु उत्थानशील योजना (LDCRP) र विपद् सूचना व्यवस्थापन प्रणाली (DIMS) सम्बन्धी ५ दिने आवासीय प्रशिक्षण पनि समावेश ।
- मेयर, प्रमुख प्रशासकीय अधिकृत, निर्वाचित प्रतिनिधिहरू, सूचना प्रविधि अधिकृत र सरकारी अधिकारीहरूसँग नजिकबाट काम गर्ने अवसर ।
- नेपाल सरकार र सरोकालरवाला नगरपालिकाद्वारा आयोजित कार्यशाला/तालिम/सेमिनारमा सहभागी हुने अवसर ।
- सामाजिक मुद्दाहरूमा बुझाइ फराकिलो गर्ने र विभिन्न पृष्ठभूमिका मानिसहरूसँग अर्थपूर्ण संवादमा संलग्न हुने उनीहरूको क्षमता बढाउने अवसर ।
- जोखिम न्यूनीकरण र उत्थानसिलता बिकाशको माध्यमबाट विपद् व्यवस्थापनमा अन्तरसम्बन्धित दृष्टिकोणहरू अन्वेषण गर्ने अवसर ।
- Climate Fellowship को प्रमाणपत्र ।

# अनलाइन
## आवेदन

**अनुदानको लागि इच्छुकहरुले प्रदान गरिएको अनलाइन फारममा आवेदन पेश गर्नुपर्छ । अनलाइन फारममा दुई मुख्य खण्डहरू छन:**
- **व्यक्तिगत जानकारी :** व्यक्तिगत जानकारीहरु जस्तै सम्पर्क विवरणहरू, शैक्षिक र व्यवसायिक पृष्ठभूमि र आफ्नो तस्वीर अपलोड गर्नुहोस् (**पासपोर्ट साइज फोटो, 2 MB** भन्दा सानो) ।
- **लिखित खण्ड :** आवेदन दिनको लागि प्रेरित हुनुको कारण खुलाई लेख्नुपर्नेछ, **CV/Resume** र **सिफारिस पत्र** पनि अपलोड गर्नुहोस् ।

# सिफारिस पत्र तयार पार्नकोलागि
## दिशानिर्देश

सिफारिस पत्र तयार पार्दा निम्न लिखित कुराहरुमा ध्यान दिनुपर्नेछ :
- सिफारिस गरिदिने व्यक्तिले आवेदकलाई कति समयदेखि र के सन्दर्भबाट चिन्नुभएको खुलस्त रुपमा लेखुपर्नेछ ।
- आवेदकको पृष्ठभूमि, योग्यता, अनुभव, उपलब्धि र नेतृत्व क्षमताको बारेमा सिफारिस गरिदिने व्यक्तिको राय ।
- सिफारिस पत्र अंग्रेजी वा नेपालीमा लेख्न सकिन्छ ।
- सिफारिस पत्र पहिले नै सुनिश्चित गर्नुहोस् जसले गर्दा तपाईसँग अनलाईन आवेदनमा अपलोड गर्न पर्याप्त समय रहनेछ ।
- MS Word वा PDF मा पत्र तयार पार्नुहोस ।
- सिफारिस गरिदिने व्यक्तिको नाम, आधिकारिक स्थान, सम्पर्क जानकारी र हस्ताक्षर सिफारिश पत्रमा अनिवार्य हुनुपर्नेछ ।
- सिफारिस पत्र आवेदनको अन्तिम मिति भित्र बुझिसक्नु पर्ने छ ।


सोधपुछको लागि

**Fellowship Secretariat**
**fellowship@youthinnovationlab.org**

YI-LAB

**ठेगाना**
भक्त मार्ग, बालुवाटार, काठमाडौं, ४४६००
फोनः ९८५१११५९१९


# आवेदन दिने
## समयावधि र अतिरिक्त जानकारी

**आवेदन दिने समयावधि र अतिरिक्त जानकारी**
आवेदन खुल्ने : १० फेब्रुअरी २०२४ (२७ माघ २०८०)
आवेदन दिने अन्तिम मिति : १० मार्च २०२४ (२७ फाल्गुन २०८०) बेलुका १२ बजे

**सम्पर्क :**
आवेदन प्रक्रियामा कुनै पनि प्रश्न र स्पष्टीकरणको लागि ई-मेलः **fellowship@youthinnovationlab.org**

# बारम्बार सोधिने
## प्रश्नहरु

### आवेदन प्रक्रिया

**Climate Fellowship अनुदानको आवेदनको अन्तिम मिति कहिले हो?**
Climate Fellowship अनुदानको आवेदनको अन्तिम मिति १० मार्च २०२४ (१० फागुन २०८०) बेलुका १२ बजे हो।

**Climate Fellowship अनुदानको लागि कसरी आवेदन दिने हो?**
इच्छुकहरूले अनलाइन आवेदनको सबै आवश्यक खण्डहरू पूरा गरी अन्तिम म्याद अघि आवेदन दिनुपर्छ।

**Climate Fellowship अनुदानको छनौट प्रक्रिया के के हुन्?**
म्याद भित्र प्राप्त आवेदन प्रारम्भिक समीक्षा चरणहरूमा फेलोशिप चयन समितिद्वारा मूल्याङ्कन गरिनेछ। पहिलो चरणमा छनौट भएका आवेदकहरुको अन्तर्वार्ता लिइनेछ र छनौट गर्ने टोलिले १० जना Climate Fellows हरु चयन गर्नेछन्। फेलोशिप कार्यक्रम संचालन गरिने कर्णाली प्रदेशको प्रदेश मन्त्रालय र ९ वटा पालिकाहरुमा छनौट भएका Fellows हरु तैनाथ गरिनेछ।

### कार्यक्रम र योग्यता

**Climate Fellowship संचालन हुने पालिकाहरु कुन-कुन हुन्?**
Climate Fellowship संचालन हुने पालिकाहरु-

| जिल्ला | पालिकाहरु |
|---|---|
| कैलाली | भजनी नगरपालिका |
| कैलाली | जोशीपुर गाउँपालिका |
| कैलाली | चुरे गाउँपालिका |
| कैलाली | जानकी गाउँपालिका |
| कन्चनपुर | शुक्लाफाँटा नगरपालिका |
| कन्चनपुर | दोधारा चाँदनी नगरपालिका |
| कन्चनपुर | बेलडाँडी गाउँपालिका |
| डडेलधुरा | आलिताल गाउँपालिका |
| डडेलधुरा | अजयमेरु गाउँपालिका हुन्। |

**कति जना Fellows छनौट हुनेछन?**
जम्मा १० जना Fellows छनौट हुनेछन जसमा ९ जना पालिकामा र १ जना प्रदेश मन्त्रालयमा तैनाथ गरिनेछ।

**कति समयको लागी Climate Fellows हरु कार्यक्रम हुने प्रदेश र पालिकामा तैनाथ हुनेछन्?**
Climate Fellows हरु पाँच महिनाको लागि स्थानीय तह वा प्रदेश केन्द्रमा तैनाथ हुनेछन्।

**के यो फेलोशीप कार्यक्रममा पाँच महिनाको लागी पूर्ण समय दिनुपर्छ?**
Climate Fellows हरुले पाँच महिना पुरै कार्यक्रम स्थानीय तह वा प्रदेश केन्द्रमा पूर्ण समय कार्य गर्नुपर्ने छ।

**के Climate Fellow को लागि योग्य हुन कुनै उमेर समूहको हुनुपर्छ?**
आवेदक मनोनयनको समयमा २९ वर्ष वा कम उमेरको हुनुपर्छ।

**Climate Fellow को शैक्षिक योग्यताका आवश्यकताहरू के के हुन्?**
Disaster Risk Reduction, Climate Change, Environmental Science, Environmental Engineering, Geomatics Engineering, Development Studies, Natural Resources, Crisis Management, वा अन्य सम्बन्धित क्षेत्रमा स्नातक तह हासिल गरेको हुनुपर्नेछ।

**Climate Fellowship को लागि कुनै भाषाको जानकार हुन आवश्यक छ?**
अंग्रेजी र नेपालीमा राम्रोसँग कुराकानी गर्न सक्षम तथा लेखन शैली राम्रो हुनुपर्छ। स्थानीय भाषाको ज्ञान भएमा झनै राम्रो हुनेछ।

**फेलोशिप कार्यक्रममा छनौट भए पनि यसमा संलग्न हुन असक्षम भएमा के प्रक्रिया अपनाउनु पर्नेछ?**
हामी तपाईंलाई यस फेलोशिप अनुदानकोलागि निश्चित भएपछी मात्रै आवेदन दिन अनुरोध गर्दछौं। तर आपतकालीन वा अप्रत्याशित परिस्थितिहरूको स्थितिमा, तपाईंले जतिसक्दो चाँडो फेलोशिप संयोजकलाई सूचित गर्नुपर्छ।

### अनुदान सम्बन्धी जानकारी

**Climate Fellowship अनुदानमा कति रकम प्रदान गरिनेछ?**
Climate Fellowship अन्तर्गत कार्यको लागि ३ लाख सम्म अनुदान प्रदान गरिनेछ।

**अनुदानले के के समेट्छ?**
मासिक भत्ता, यात्रा भत्ता, बैठक सुविधा, बीमा सुविधा, र प्रशिक्षण खर्च।